# सेन्दाइ शहरको फोहोर मैला विसर्जन (व्यस्थापन)सम्बन्धि नियमहरू (लघु संस्करण)

लघु संस्करण

नेपाली भाषा

## नियमको विवरण

Guide for sorting recyclables and waste Sendai | खोज गर्नुहोस्

नोट: यो अंग्रेजी वेबसाइटमा जानेछ ।

तपाईंले फोहोर मैला विसर्जनका नियमहरू देखाउने भिडियोहरू इन्टरनेटमा हेर्न सक्नुहुन्छ ।

## 1 शहरद्वारा तोकिएका र पहिला नै भुक्तानी गरिएका फोहोर मैला ब्याग (झोला) हरू प्रयोग गर्नुहोस् !




खाद्यान्नबाट निस्कने फोहोर प्रयोग गरिएका कागजपत्र प्रयोग गरिएका लत्ताकपडा इत्यादि ।




ठीक माथिका चिन्ह देखाइएका ब्यागहरू ।

### घरका फोहोर मैला (हरियो)

| | |
|---|---|
| ठूलो(45L) | ¥400 |
| मध्यम(30L) | ¥270 |
| सानो(20L) | ¥180 |
| धेरै सानो(10L) | ¥90 |

* प्रति सेटमा 10 वटा ब्याग

### प्लास्टिक (रातो)

| | |
|---|---|
| ठूलो(45L) | ¥250 |
| मध्यम(30L) | ¥160 |
| सानो(15L) | ¥80 |


* प्रति सेटमा 10 वटा ब्याग

यी ब्यागहरू कम्बिनीयन स्टोर तथा सुपरमार्केटहरूमा किन्न सकिन्छ (समान मूल्यमा) ।


仙台市環境局 सेन्दाइ शहर वातावरणीय ब्युरो

## 5 तपाईंले फोहोर मैलाको रूपमा निम्न वस्तुहरूलाई विसर्जन गर्न सक्नुहुन्नः


एअर कन्डिसनर




टिभी



कम्प्युटर



रेफ्रिजेरेटर/फ्रिजर



वासिंग मेसिन तथा लुगा सुकाउने मेसिन




थप जानकारीका लागि सेन्दाइ शहरको वेबसाइट हेर्नुहोस् (तल हेर्नुहोस्) । * वेबसाइट अंग्रेजीमा तयार गरिएको छ ।

## 6 सम्पर्क जानकारी (जापानी भाषामा मात्र)

यदि तपाईंसँग कुनै प्रश्नहरू भएमा निम्न कार्यालयहरूमा सम्पर्क गर्नुहोस्:

| | | |
|---|---|---|
| आओबा वार्ड | आओबा वातावरणीय कार्यालय | ☎022-277-5300 |
| मियागिनो वार्ड | मियागिनो वातावरणीय कार्यालय | ☎022-236-5300 |
| वाकाबायाशी वार्ड | वाकाबायाशी वातावरणीय कार्यालय | ☎022-289-2051 |
| ताइहाकु वार्ड | ताइहाकु वातावरणीय कार्यालय | ☎022-248-5300 |
| इजुमी वार्ड | इजुमी वातावरणीय कार्यालय | ☎022-773-5300 |
| वातावरणीय ब्युरो | घरपरिवार फोहोर मैला न्यूनीकरण शाखा | ☎022-214-8227 |

समय: 8:30 देखि 17:00 सम्म (सोमबारदेखि शुक्रबारसम्म)

| | |
|---|---|
| बल्की गार्बेज रिसेप्सन सेन्टरलाई | ☎022-716-5301 |

समय: 9:00 देखि 17:00 सम्म (सोमबारदेखि शुक्रबारसम्म(सार्वजनिक बिदाका दिनहरूमा अनुरोधलाई स्वीकार गर्न सकिन्छ ।))

**नगरपालिका तथा वडा कार्यालयमा गर्ने प्रक्रिया आदिबारे थाहा नभएको कुरा भएमा सेन्दाइ सहर समग्र कल सेन्टर "मोरिनो मियाको ओसिएते कल" प्रयोग गर्नुहोस्।**

● सेवा उपलब्ध भाषाहरू (अंग्रेजी, चाइनिज, कोरियन, भियतनामिज र नेपाली भाषा)

◆ खुल्ला समय: 8:00~20:00

(शनिबार, आइतबार, सार्वजनिक बिदाको दिन र नयाँवर्षको बिदाको अवधि (डिसेम्बर २९ तारिख~जनवरी ३ तारिख) ~17:00)

☎ 022-398-4894

दोभासे सहयोग आवश्यक व्यक्तिले सेन्दाइ बहुसांस्कृतिक समाज केन्द्रको "दोभासे सहायता केन्द्र" (022-224-1919) मा फोन गर्नुहोस्।

## 2 फोहोर मैला उठाउन निर्धारण गरिएका दिनहरूमा बिहान 8:30 बजेसम्म फोहोर मैलालाई उठाइने स्थलमा लैजानुहोस् !

### घरका फोहोर मैला

हप्ताको दुइपटक ______ · ______ बार



●खाद्यान्नबाट निक्लेका फोहोर मैलाबाट सक्ने जति पानी बाहिर निकाल्नुहोस् ।
●सुरक्षित विसर्जनको लागि सिसाका भाँडाकुँडा, पोर्सेलिन (कटौरा), चक्कुहरू (उदाहरणका लागि भान्साकोठामा प्रयोग हुने चक्कुहरू) लाई मोटो कागजमा बेर्नुहोस् ।

### प्लास्टिक कन्टेनर तथा प्याकेजहरू

हप्ताको एकपटक ______ बार

यो लोगोको लागि हेर्नुहोस्



●कन्टेनरहरूलाई बिस्तारै पखाल्नुहोस् ।

### क्यान, बोतल, प्लास्टिकका बोतल, प्रयोग गरिएका ब्याट्रीहरू

हप्ताको एकपटक ______ बार

PET पीईटी बोतलमा तिनीहरूको लोगो छ।



**भिन्दाभिन्दै श्रेणीबद्ध गरेर राख्नु पर्दैन।**

●क्यान तथा प्लास्टिकका बोतलहरूलाई बिस्तारै पखाल्नुहोस् ।
●स्प्रे क्यानहरूलाई विसर्जन गर्नुभन्दा पूर्व तिनीहरू भित्र भएकालाई पूर्ण रूपमा प्रयोग गर्नुहोस् ।
●सकेसम्म फोहोर मैलालाई शान्त भएर विसर्जन गर्ने प्रयास गर्नुहोस् ताकि यसबाट ठूलो आवाजहरू ननिक्लियोस् ।
●फोहोर मैला उठाउने स्थलमा रहेको पहेलों बास्केटमा फोहोर मैलालाई विसर्जन गर्नुहोस् ।

### कागजपत्रहरू

महिनाको दुइपटक
हरेक महिना
पहिलो तेस्रो | दोस्रो चौथो ______ बार




●कागजको थैलीमा राख्नुहोस् वा डोरीले बाँध्नुहोस्, ताकि हावाले उडाउन नसकोस ।

जापानमा उठाउन निर्धारण गरिएका दिनहरूमा मात्र फोहोर मैला उठाइन्छ । कुनै पनि अन्य दिनहरूमा फोहोर मैलालाई विसर्जन गर्ने प्रयास नगर्नुहोस् ।
फोहोर मैला उठाइने स्थलमा फोहोर मैला उठाइने दिनहरूका बारेमा जानकारी गराइन्छ ।

## 3 फोहोर मैला उठाइने भनेर तोकिएको स्थलमा फोहोर मैलालाई लैजानुहोस् !


● फोहोर उठाइने स्थल भनेको तपाईंले कुनै पनि समय आफ्नो फोहोर मैला राख्ने ठाउँ होइन । उक्त स्थल प्रयोग गर्नको लागि नियमहरूको पालना गर्नुहोस् ।
● यदि तपाई फोहोर मैला उठाउने स्थलको बारेमा निश्चित हुनुहुन्न भने आफ्नो रियल स्टेट एजेन्सीलाई सोध्नुहोस् ।





## 4 यदि 30सेमी भन्दा ठुला फोहोरहरू भएमा त्यस्ता प्रकारका फोहोर मैलाहरूको फ्याल्ने तरिका फरक हुन्छ । (विसर्जन शुल्क लाग्नेछ ।)

नयाँ ठाउँमा सर्दा र ठूला आकारका फोहोर मैला विसर्जन गर्न आवश्यक परेको समयमा बढी ध्यान दिनुहोस् ।



### ① फोहोर मैला उठाउन अनुरोध गर्नको लागि बल्की गार्बेज रिसेप्सन सेन्टरलाई सम्पर्क गर्नुहोस् (जापानी भाषामा मात्र) ।

**1 फोनबाट फोहोर उठाउनका लागि कसरी अनुरोध गर्ने ☎022-716-5301**

तपाईंले विसर्जन गर्न लागेको ठूला आकारका फोहोर मैलाको विवरण बारे अपरेटरलाई विस्तृतमा बताउनुहोस् । अपरेटरले तपाईंलाई फोहोर मैला उठाइने दिन, शुल्क, रसिद नम्बर र विसर्जनका लागि फोहोर मैलालाई कसरी तयार गर्ने भन्ने बारेमा तपाईंलाई जानकारी गराउनेछन् ।

समय सोमबारदेखि शुक्रबारसम्म 9:00 बजेदेखि 17:00 बजेसम्म

* सार्वजनिक बिदाका दिनहरूमा अनुरोधलाई स्वीकार गर्न सकिन्छ ।
* शनिबार, आइतबार वा 12/29 देखि 1/3 सम्मको अवधि कार्यालय बिदा रहनेछ ।

**2 इन्टरनेट मार्फत फोहोर उठाउनका लागि कसरी अनुरोध गर्ने http://www.city.sendai.jp** [ठूला आकारका फोहोर मैल] [खोज गर्नुहोस्]

वेबपेजमा तपाईंलाई थाहा हुनुपर्ने कुराहरू, फोहोर मैला उठाइने दिन, शुल्क, रसिद नम्बर र विसर्जनका लागि फोहोर मैलालाई कसरी तयार गर्ने भन्ने बारे जस्ता जानकारी उपलब्ध गराइन्छ । फोहोर उठाउनका लागि अनुरोध गर्नुभन्दा पहिला निर्देशनहरूलाई राम्रोसँग पढेर आवेदन दर्ता गर्नुहोस । (यदि गतल तरिकामा अनुरोध गरिएमा फोहोर मैला उठाइने छैन ।)

### ② शुल्कको भुक्तानी गर्नुहोस्


फोहोर उठाउनका लागि अनुरोध गरिएको समयमा उल्लेख गरिएको शुल्क रकम बराबर हुने भुक्तानी टिकट(हरू) (स्टिकर) खरिद गर्नुहोस् । टिकटहरू सुविधा स्टोरहरू इत्यादिमा उपलब्ध हुन्छन् ।

* टिकट(हरू) को पैसा फिर्ता गर्न वा तिनीहरूलाई पुनः जारी गर्न सकिदैन ।

### ③ ठूला आकारका फोहोर मैलाको विसर्जन

दायाँ चित्रमा देखाए झैं रसिद नम्बरलाई टिकटमा लेख्नुहोस् तथा उक्त टिकटलाई सजिलैसँग देखिनेगरी ठूला आकारका फोहोर मैलामा टाँस्नुहोस् र फोहोर मैला उठाउन निर्धारण गरिएको दिनमा बिहान 8:30 बजेसम्म उक्त फोहोर मैलालाई उठाइने स्थलमा लैजानुहोस् ।

*कन्टेनरबाट ब्याट्रीहरू हटाइएको र मट्टीतेल वा अन्य तरल पदार्थहरू बाहिर निकालिएका छन् भनेर निश्चित गर्नुहोस् ।
* फोहोर मैलामा भुक्तानी टिकट(हरू) ठीक तरिका अनुसार नटाँसिएसम्म फोहोर उठाइने कार्य हुँदैन ।
* यदि फोहोर मैलामा टिकट(हरू) टाँसिएका भएमा टिकट(हरू) मा रसिद नम्बर लेखिएको नभएसम्म फोहोर उठाइने कार्य हुँदैन ।



● तपाईं नयाँ ठाउँमा सर्दा र एकैपटकमा धेरै फोहोर मैला विसर्जन गर्न आवश्यक परेमा सम्बन्धित वार्ड कार्यालयलाई सम्पर्क गर्नुहोस् (अर्को पृष्ठ हेर्नुहोस्) ।
● त्यस्तो समयमा तपाईंले अझैं पनि प्रयोग गर्न सकिने वस्तुहरूलाई आफ्ना साथीभाइहरूलाई पनि दिन सक्नुहुन्छ ।

**नगरपालिका तथा वडा कार्यालयमा गर्ने प्रक्रिया आदिबारे थाहा नभएको कुरा भएमा सेन्दाइ सहर समग्र कल सेन्टर "मोरिनो मियाको ओसिएते कल" प्रयोग गर्नुहोस्।**

● सेवा उपलब्ध भाषाहरू (अंग्रेजी, चाइनिज, कोरियन, भियतनामिज र नेपाली भाषा)
◆ खुल्ला समयः 8:00~20:00
(शनिबार, आइतबार, सार्वजनिक बिदाको दिन र नयाँवर्षको बिदाको अवधि (डिसेम्बर २९ तारिख~जनवरी ३ तारिख) ~17:00)
☎ 022-398-4894
दोभासे सहयोग आवश्यक व्यक्तिले सेन्दाइ बहुसांस्कृतिक समाज केन्द्रको "दोभासे सहायता केन्द्र" (022-224-1919) मा फोन गर्नुहोस्।